नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा

सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८०/८१

च.नं. :- ३६९

मिति :- वि.सं. २०८०/११/०३

ने.स. :- ११४४ सिल्लाध्व, ६ विहिवार

विषयः दुध तथा दुग्ध उत्पादनको आयात स्थगन सम्बन्धमा।

श्री खाध प्रविधि तथा गुण नियन्त्रण विभाग

ववरमहल, काठमाण्डौ।

प्रस्तुत विषयमा दुध तथा दुग्ध जन्य पदार्थहरुको बढ्दो आन्तरीक उत्पादन सगै आन्तरीक खपत (उधोगको समेत) सोही रुपमा हुन नसक्ने, वाह्य मुलुकमा सम्भाव्य वस्तुहरुको निर्यात हुन नसक्नु र निरन्तर आयातको कारणले आन्तरीक दुध तथा दुग्ध जन्य पदार्थको अत्याधिक मौज्दात हुन गई सृजना भएको परिस्थितिका कारणले उधोग संचालन गर्न कठिन भएको तथा कृषकहरुले दुध तथा दुग्ध जन्य पदार्थको विक्रि भएको उपजको समेत भुक्तानि पाउन नसकेको विषयलाई सम्बोधन गर्न, कृषकहरु तथा स्वदेशी उधोगहरुको संरक्षणका लागि आवस्यक पहल समेत गर्न आवस्यक देखिएकोले "दुध तथा दुग्ध उत्पादनको सेफगार्डस, एन्टी डम्पिङ्ग तथा काउन्टरभेलिङ्ग सम्बन्धमा अध्ययन गर्न उधोग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गर्ने साथै हाल देखिएको समस्याको अस्थायी समाधानका लागि तपशिल बमोजिमका दुध तथा दुग्धजन्य पदार्थ आयात गर्न अर्को निर्णय नभए सम्मका लागि स्थगित गर्ने" यस मन्त्रालयको मिति २०८०/११/०२ को निर्णयानुसार (विभागिय मन्त्रीस्तर) आवस्यक कारवाहीको लागी अनुरोध छ। साथै निर्णयको छायाप्रति र अन्य आवस्यक कागजात यसैसाथ रहेको व्यहोरा अनुरोध छ।

तपशिलः

| शिर्षक | उपशिर्षक | मालवस्तुको विवरण | पैठारीमा पूर्ण रोक लगाउने वा नलगाउने | कैफियत |
|---|---|---|---|---|

ईमेलः info@moald.gov.np, वेवसाईटः www.moald.gov.np, ☎ ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५

२०८०/११/०३

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ०४.०२ | ०४०२.१०.१० | चिल्लो हटाईएको दूध (स्कीम्ड मिल्क) | पैठारीमा पूर्ण रोक लगाउने | |
| | ०४०२.२१.०० | चिनी वा अन्य गुलियो पदार्थ नहालिएको (WMP) | पैठारीमा पूर्ण रोक लगाउने | |
| | ०४०२.२९.९० | अन्य | Dairy Whitener, Skimmed milk powder (SMP) र Whole Milk Powder (WMP) को पैठारीमा पूर्ण रोक लगाउने | |
| ०४.०४ | ०४०४.१०.०० | ह्वे र परिवर्तित ह्वे जमाएको वा नजमाएको, चिनी हालेको वा नहालेको, गुलियो पारेको वा नपारेको | पैठारीमा पूर्ण रोक लगाउने | |
| ०४.०५ | ०४०५.१०.०० | नौनी (बटर) | पैठारीमा पूर्ण रोक लगाउने | |
| | ०४०५.९०.१० | घ्यू | पैठारीमा पूर्ण रोक लगाउने | |

2080/09/03.

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा

सिंहदरबार, काठमाण्डौं

| | | | | |
|---|---|---|---|---|
| | ०४०६.९०.१० | छुर्पी | पैठारीमा पूर्ण रोक लगाउने | |
| ०४.०६ | ०४०६.३०.०० | प्रशोधित, भुजुरी वा धुलो नपारेको चिज | पैठारीमा पूर्ण रोक लगाउने | |
| | ०४०६.२०.०० | भुजुरी पारेको वा धुलो पारेको सबै प्रकारको चिज | पैठारीमा पूर्ण रोक लगाउने | |

.........................................

(सुजित पौडेल)

बाली संरक्षण अधिकृत

क्वारेन्टाइन समन्वय शाखा

ईमेलः info@moald.gov.np, वेबसाईटः www.moald.gov.np, ☎ ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५